नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१०, ५४४४७२५, ५४२२०५६, ५५२२०५९, ५४२५७३३, ५३५०७१७, ५४३१००७, ५३५०७१९
वेबसाइटः www.dls.gov.np
इमेलः dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :-
चलानी नं. :-

मितिः २०८०/०७/०१

## सूचना

यस पशु सेवा विभागको हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्स एण्ड टेक्नोलोजी र नेपाल पोलिटेक्निक इन्सटिच्यूट (पूर्वाञ्चल विश्वविद्यालय) सँग भएको समझदारी (Memorandum of Understanding) बमोजिम शिक्षण संस्थाले सञ्चालन गर्ने प्रवेश परीक्षामा उत्तिर्ण हुने मध्येबाट विभागको सिफारिस अनुसार निजामती सेवामा कार्यरत पशु सेवा तर्फका कर्मचारीहरुलाई B.V.Sc & A.H. अध्ययनका लागि १/१ सिट अध्ययनको लागि उपलब्ध गराउने सहमति भए बमोजिम हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्स एण्ड टेक्नोलोजी र नेपाल पोलिटेक्निक इन्सटिच्यूटबाट लिएको प्रवेश परिक्षामा उत्तीर्ण, योग्यता पुगेका र इच्छुक कर्मचारीहरूलाई तपसिल अनुसारको ढाँचामा विवरण र कागजातहरू सहितको सूचना प्रकाशन भएको मितिले ३ (तिन) दिन भित्रमा यस विभागमा (pcu@dls.gov.np) निवेदन पेश गर्नु हुन अनुरोध छ। साथै तोकिएको म्यादभित्र सम्पूर्ण कागजात सहित निवेदन प्राप्त नभएमा यस सम्बन्धी प्रक्रियामा सहभागी गराईने छैन।

तपसिलः

| क्र.स. | कर्मचारीको नाम | कार्यालय | सुरू पदमा नियुक्ति | | | हालको पदमा नियुक्ति | | | कर्मचारी संकेत नम्बर | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | श्रेणी | पद | मिति | श्रेणी | पद | | |
| | | | | | | | | | | |

पेश गर्नुपर्ने कागजातहरूः

१. निवेदन
२. नागरिकता
३. स्थायी नियुक्तिको पत्र
४. हालको पदमा नियुक्तिको पत्र
५. Updated PIS
६. शैक्षिक योग्यता खुल्ले कागजातहरू
७. विभाग, सम्बन्धित प्रदेश वा स्थानीय तहबाट प्रवेश परिक्षा दिनका लागि दिईएको पूर्व स्वीकृति पत्र

(नोटः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६७० मिति २०८०/०२/१८ को पत्रानुसार कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामति कर्मचारीको हकमा अध्ययन मनोनयन र अध्ययन तथा असाधारण बिदा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०का आधारमा प्रदेशको प्रमुख सचिवले अधिकृतस्तर दशौं तहसम्मको कर्मचारीको हकमा सम्बन्धित प्रदेश सचिवको सिफारिस र स्थानीय तहमा कार्यरत सोही तह सम्मका कर्मचारीको हकमा सम्बन्धित स्थानीय कार्यपालिकाको सिफारिसमा स्वीकृत गर्न भनी परिपत्र भएको।)

डा. उमेश दाहाल
महानिर्देशक

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशान"